MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL EST.2007

# सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालका
# १२औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको
# महासचिवको प्रतिवेदन

प्रस्तुतकर्ता : चन्द्र प्रसाद शर्मा
पद : महासचिव

संस्था : सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल

ठेगाना : अनामनगर, काठमाण्डौ

मिति : २०७८/०४/२३

Scanned with CamScanner

सम्मानित सभाका अध्यक्ष ज्यू

पूर्ण सदस्य र एसोसियट सदस्यज्यूहरु, यस समाजको १२औं वार्षिक साधारण सभामा महासचिवको हैसियतमा २ वर्ष कार्यकालका कार्यहरुको प्रतिवेदन पेश गर्ने अनुमति चाहान्छु ।

## *पृष्ठभूमी :*

२०६४साल जेष्ठ २५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा गीत संगीतको सार्वजनिक प्रयोग भएवापत सम्वन्धित प्रयोगकर्ताहरुसँग रोयल्टी संकलन गरी आवश्यक व्यवस्थापन गर्दै कानूनले तोके अनुसारका हकदार सर्जकहरुलाई रोयल्टी वितरण गर्ने उदेश्यले स्थापित यस समाजले चुनौती पूर्ण अवस्थामा गीत संगीतका श्रष्टा र प्रयोगकर्ताहरुवीच रहेका विवादलाई चिर्दै प्रयोगकर्तावाट श्रष्टा सर्जकलाई रोयल्टी दिनुपर्छ भन्ने कुरामा सहमत गराई केही निकायवाट उठेको रोयल्टी संकलन गरी वितरण गर्दै आईरहेको छ भने केही निकायहरुवाट उठेको रोयल्टी प्राविधिक कठिनाईका कारणले वितरण गर्न सकिएको छैन ।

## *सांगठनिक अवस्था :*

मिति २०६४ जेष्ठ २५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा विधिवत रुपमा दर्ता भई अगाडि वढेको यस संस्थाको स्थापनाकालमा स्व. रत्न शमशेर थापा त्यसपछि क्रमशः श्री यादव खरेल, श्री श्रीपुरुष ढकाल, श्री राजेन्द्र थापा र श्री सुरेश अधिकारीको अध्यक्षतामा कार्यसमिति गठन भएको थियो र मिति २०७५ माघ २५ र २६ मा सम्पन्न साधारण सभावाट श्री महेश खड्काको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति प्रजातान्त्रिक पद्धतिद्धारा निर्वाचित भई कार्य गरेको व्यहोरा अनुरोध गर्दछु । हाल समाजमा पूर्ण सदस्य ७१ (७१–१० अमर) र एसोसिएट सदस्य १५२० जना गरी जम्मा १५९१ (गीतकार सदस्य ८२२ र संगीतकार सदस्य ७६९) रहेको जानकारी गराउँदछु ।

मिति २०७५ माघ २५ र २६ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न ११ औं साधारण सभावाट हाम्रो कार्यसमिति अध्यक्ष श्री महेश कुमार खड्का, उपाध्यक्ष श्री सुवास रेग्मी, महासचिव श्री चन्द्र प्रसाद शर्मा, कोषाध्यक्ष श्री शशि शर्मा मजगैंया र सदस्यहरु श्री सुमन वैरागी, श्री श्रीकृष्ण वम मल्ल, श्री पि.एन.सापकोटा, श्री शिरीष देवकोटा, अमृत खाती, श्री विपिन किरण, श्री विक्रम राई निर्वाचित हुदै गर्दा सामान्यभन्दा विषम परिस्थिति भएको हामी सवैमा अवगत नै छ । संस्थाको ११औं साधारण सभामा पेश गरिएको आ.व. २०७४/०७५को आर्थिक प्रतिवेदन साधारण सभाले पास नगरेको र साधारण सभाले आर्थिक प्रतिवेदनको थप अध्ययन आवश्यक रहेको ठहर गरेको हामी सवैमा सर्वविदितै छ । सोही अनुसार चार्टर एकाउन्टेन्ट श्री शिखा वाग्लालाई आदरणिय पूर्व अध्यक्षहरु समेत उपस्थित वैठकले आर्थिक अध्ययनको जिम्मेवारी दिएकोमा उक्त प्रतिवेदन संस्थामा प्राप्त भएकै वखतमा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा पेश गरिएको व्यहोरा निवेदन गर्दछु । त्यसैगरी उक्त

MRCSN MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL EST.2007

Scanned with CamScanner

आ.व.को हिसावकितावको थप छानविनको लागी पुनः पूर्व अध्यक्षहरु समेतको उपस्थितिमा १ महिनाको समयसीमा तोकी अध्ययन समिति गठन गरिएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९को असरले समयमै काम हुन नसकी उक्त समितिको प्रतिवेदन मिति २०७७/१०/१६ संस्थालाई प्राप्त भयो। उक्त प्रतिवेदन आजको सम्मानित साधारण सभामा पेश गर्ने छौं र साधारण सभाको निर्देशन बमोजिम अगाडिको प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गदछौं।

त्यसैगरी व्यवस्थापन पक्षको कुरा गर्दा प्रमुख व्यवस्थापक, सदस्यता तथा जनसम्पर्क अधिकृत र वितरण सहायकको पद रिक्त रही प्रशासन तथा लेखा अधिकृत, लाईसेन्सिङ्ग अधिकृत, प्रशासनिक सहायक, र कार्यालय सहयोगी गरी ४ जना कर्मचारी कार्यरत रहेको जानकारी गराउँदछु। त्यसैगरी यातायात क्षेत्रबाट रोयल्टी संकलन गर्नको लागि ३० जना कर्मचारी करारमा नियुक्त गरिएकोमा हाल रोयल्टी सङ्कलन हुने सम्भावना भएका यातायात कार्यालयमा नयाँ नियुक्ति दिने र नउठेका तथा उठने सम्भावना नभएका यातायात कार्यालयमा नयाँ नियुक्ति दिईएको छैन भने कार्यालय संचालनका लागि यातायात कार्यालय भएका स्थानहरुमा भाडामा लिईएका कार्यालयहरु पनि आवश्यकता बमोजिम कार्यालय भाडामा लिने र अनावश्यक ठाँउमा हटाउदै आएको जानकारी गराउँदछु। यसरी काम गर्दा एकातिर खर्चको भार कम भएको छ भने अर्को तर्फ कुनै ठाँउमा कर्मचारी खटाउने तथा कुनै ठाँउमा नखटाउदा रोयल्टी सङ्कलन भएका कार्यालयमा नकारात्मक प्रभाव पर्ने सम्भावना समेत उत्तिकै रहेको छ। हाल १६ वटा यातायातको कार्यालयमा १६ जना कर्मचारी खटाईएको र संगीत रोयल्टी संकलन भइरहेको छ भने १५ ठाँउमा कार्यालय भाडामा लिईएको छ। वुटवलको हकमा यातायात कार्यालय भित्रै संगीत रोयल्टी संकलन गर्ने काउण्टर राखिएको हुँदा कार्यालय भाडा तिर्नु नपर्ने व्यहोरा जानकारी गराउन चाहन्छु।

नयाँ यातायात व्यवस्था कार्यालय खुलेका स्थानहरुमा ३ महिना कर्मचारी तथा कार्यालय स्वयंसेवकमा सञ्चालन गर्ने र रोयल्टी संकलनको अवस्था मूल्याङ्कन गरी उक्त कार्यालयमाथि थप निर्णय गर्ने प्रक्रियाको सुरुवात गरेका छौं, जसअन्तरगत रुकुम, चौरजाहारीमा खुलेको यातायात व्यवस्था कार्यालयमा संगीत रोयल्टी संकलन समाजको कार्यालय स्थापना गरी ३ महिनासम्म भोलेन्टियरमा संचालन गर्दा रोयल्टी संकलनको आशालाग्दो अवस्था नदेखिएकाले कार्यालय बन्द गरियो भने गण्डकी प्रदेश अन्तरगत स्याङ्जामा खुलेको यातायात व्यवस्था विभागको कार्यालयमा खुलेको संगीत रोयल्टी संकलन समाजको कार्यालय भने निरन्तर संचालनमा रहेको जानकारी गराउँदछु। उक्त कार्यालयबाट हालसम्म ८ महिनाको समयमा रु.३ लाखभन्दा बढी रोयल्टी संकलन भएको समेत जानकारी गराउँदछु।

संस्था संचालनको लागि आवश्यक रकम संकलित रोयल्टीको २५ प्रतिशतले नभ्याउने भएको कारण अबको दिनमा संस्थालाई अगाडि कसरी बढाउने भन्ने कुरा गहन छलफलको विषय बनेको छ।

संस्थामा PRBT मार्फतको रोयल्टी रकम जम्मा भएको तर सो को डाटा उपलब्ध नभएको कारणले रोयल्टी वितरण गर्न सकिएको थिएन। कार्यसमितिको निर्णयबाट म्यूजिक प्रोड्युसर एसोसियशन नेपाललाई डाटा खुलाउने जिम्मेवारी दिइएको र करिब ८० प्रतिशत गीतको डाटा उहाँहरुमार्फत प्राप्त भयो। प्राप्त डाटा अनुसार रोयल्टी प्राप्त गर्ने हकदार श्रष्टा सर्जकहरुलाई रोयल्टी वितरण गरियो। हाम्रो अनुरोधलाई स्वीकार गरी उक्त डाटा उपलब्ध गराईदिनु भएकोमा म्यूजिक प्रोड्युसर एसोसियशन नेपालका अध्यक्ष गीतकार श्री बि.पाण्डे ज्यू तथा समस्त कार्यसमिति परिवारप्रति आभार व्यक्त गर्दछु।

MRCSN ROYALTY COLLECTION SOCIETY NEPAL EST.2007

Scanned with CamScanner

प्रदेश नं. १ को संसदले यातायात क्षेत्रसँग सम्बन्धित ऐन पारित गरी सोको नियमावली बन्ने क्रममा रहेको छ । ऐन संसदमा पेश हुदाको बखत रोयल्टी अनिवार्य गर्न संशोधन प्रस्ताव माननीय राजन राईले पेश गर्नु भएको थियो । संसदमा व्यापक छलफल पश्चात प्रदेश १ संसदले रोयल्टी अनिवार्यको विषयलाई सर्वसम्मत पारित गरेको छ । यो अभियानको नेतृत्व गर्नुहुने माननीय राजन राई र माननीय सुयर्मा राईप्रति विशेष आभार प्रकट गर्दछु ।

त्यसैगरी प्राप्त रोयल्टी डाटा र सदस्यहरुले प्रदान गर्नु भएको डाटालाई व्यवस्थित गर्नको लागि Wipocos Software प्रयोग भएकोमा समय सापेक्ष Software प्रयोग गर्नको लागि Software निर्माण भएको र प्रयोगमा ल्याउनको लागि सर्भर आवश्यक पर्ने तर संस्थासंग रकम अभावको कारणले सर्भर खरीद गर्न नसकिएको जानकारी गराउन चाहन्छु । उक्त Software प्रयोगमा ल्याउन सकिएमा कर्मचारीलाई काम गर्न सहज हुने कार्य सम्पादन छिटो र छरितो समेत हुनेछ ।

विगतका वर्षहरुमा नर्वे स्थित नर्कोड संस्थाबाट आर्थिक अनुदान प्राप्त हुँदै आएकोमा कार्यालय संचालनमा केही सहजता रहेको थियो । उक्त संस्थाले २०१९ देखी अनुदान रकम बन्द गरेको र संस्थाले रोयल्टी संकलन गरिरहेको क्षेत्रबाट संस्था संचालन गर्न पर्याप्त नरहेको साथै उठेको रोयल्टी रकम ठुलो मात्रामा यातायात क्षेत्रबाट संकलन भएको तर कार्यालय र कर्मचारी सम्बन्धित यातायात कार्यालयमा राख्नु परेको कारणले यातायात क्षेत्रबाट संकलित रोयल्टी रकमको ठुलो हिस्सा रोयल्टी संकलनको लागि खर्च भईराखेको तितो यथार्थ रहेको छ ।

मिति २०७६ फागुन ०७ गतेको लागि तयारी गरिएको १२ औं वार्षिक साधारण सभाको लागि सुचना मिति २०७६ माघ १५ गते बुधबारको “अभियान दैनिक” पत्रिकामा प्रकाशित भएको थियो । तर बिभिन्न प्राविधिक कारणले उक्त समयमा साधारण सभा सम्पन्न गर्न नसकिएको र उक्त साधारण सभाको लागि अर्को मिति तोक्नु अगावै विश्वमै महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाइरस)ले नेपाललाई पनि असर गरेकोले साधारण सभा सम्पन्न गर्न नसकिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**कार्यक्रमहरु:**

१.प्रतिनिधि मण्डलको भ्रमण : सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाललाई अघिल्ला वर्षहरुमा अनुदान प्रदान गर्दै आएको संस्था नर्वेको नर्कोडका २ जना प्रतिनिधिले नेपाल भ्रमण गरी आगामी दिनमा सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको सफलताको शुभकामना समेत प्रदान गर्नु भयो । साथै आगामी दिनमा आर्थिक सहयोग नगर्ने तर अन्य सफ्टवेयर लगायतको सहयोग गर्न सक्ने बताउनुभयो ।

२.जापानमा सम्पन्न कार्यक्रममा सस्थाको तर्फबाट सहभागिता जनाउदै संगीत रोयल्टी संकलन समाज नेपालको बर्तमान अवस्थाबारे जानकारी गराईयो । सो कार्यक्रममा सहभागिता जनाउने क्रममा संस्थालाई आर्थिक भार नपार्ने उदेश्यले संस्थामा आयोजक संस्थाबाट २ जनालाई आउने जाने व्यबस्था गरिएको थियो भने संस्थाका सदस्यद्वय श्री श्रीकृष्ण बम मल्ल र श्री पि.एन. सापकोटा आफ्नै व्यक्तिगत खर्चमा सो कार्यक्रममा सहभागी हुनु भएको थियो । अध्यक्ष र प्रमुख व्यवस्थापकलाई आयोजक संस्थाले सम्पूर्ण खर्च व्यवस्थापन गरेको थियो ।

Scanned with CamScanner

३. विशेष साधारण सभा : यस समाजले मिति २०७६ जेठ ५ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा विशेष साधारण सभा सम्पन्न गरेको कुरा अवगत गराउन चाहन्छु ।

४. यातायात कार्यालयको अनुगमन : हाल यातायात लगायत अन्य क्षेत्रवाट ३ वटै संस्थाले रोयल्टी संकलन गरिरहेकोमा समस्या आएका यातायात कार्यालयमा संस्थाका कार्यसमितिका सदस्यहरुलाई परिचालन गरि संगीत रोयल्टी संकलनलाई सहज वनाउन क्रियाशील गरियो ।

५. संघ तथा प्रदेश सरकारका प्रतिनिधि संगको भेटघाट : पहिचान भएका सम्पूर्ण क्षेत्रवाट संगीत रोयल्टी संकलन गर्नका लागि ऐनमा नै व्यवस्था गर्नको लागि संघ तथा प्रदेश सरकारका मन्त्रीसंग छलफल गरिएको जानकारी गराउन चाहन्छु ।

६. रोयल्टी वितरण : डाटा खुलेका क्षेत्रवाट प्राप्त रोयल्टी रकम संस्थाको कार्यालयवाट संस्थाका सदस्यहरुलाई वितरण गरिदै आएको कुरा जानकारी गराउन चाहन्छु । अघिल्ला वर्षहरुमा रोयल्टी वितरण कार्यक्रम गरी रोयल्टी वितरण गरिएकोमा संस्थाको खर्चलाई न्यून गर्ने उद्देश्यले कार्यक्रमको आयोजना नगरी कार्यालयवाटै रोयल्टी वितरण गरिएको समेत जानकारी गराउँदछु । साथै डाटा खुलेको क्षेत्रवाट प्राप्त रोयल्टी रकम वितरण कार्य अहिले पनि निरन्तर रहेको जानकारी गराउदछु ।

७. सफ्टवेयर तथा कम्प्युटर व्यवस्था : यातायात क्षेत्रवाट प्राप्त रोयल्टी रकमलाई पारदर्शी तथा व्यवस्थित गर्नका लागि यातायात कार्यालयमा गई सफ्टवेयर तथा कम्प्युटरको जडान गर्नको लागि आवश्यक खर्च रकम विभिन्न दातावाट अनुदान स्वरुप प्राप्त गरियो र हालका दिनमा सम्पूर्ण यातायातको रोयल्टी सो सफ्टवेयरबाट के कति संकलन भएको तत्काल हेर्न सकिने जानकारी गराउँदछु । साथै निशुल्क रुपमा सो सफ्टवयर तयार गरिदिनुहुने श्री रामचन्द्र थापा र कम्प्युटर प्रदान गर्नुहुने दाताज्यूहरु, सो जडानको लागि सहयोग गर्नु हुने सम्पूर्ण सहयोगीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यो कार्यमा संस्थालाई कुनै पनि आर्थिक भार नपरेको व्यहोरा समेत अनुरोध गर्दछु ।

८. अर्न्तक्रिया कार्यक्रम : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयवाट प्राप्त अनुदान रकमवाट मिति २०७५ मंसिर २६ गते गण्डकी प्रदेशको पोखरा र तत्कालिन ३ नं. प्रदेशको राजधानी हेटौडामा गीत संगीतका सार्वजनिक प्रयोगकर्ता र श्रष्टा सर्जक संग अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी २०७६ साउन २८ गते मंगलवार झापाको विर्तामोडमा, २०७६ भाद्र ७ गते दाङ्ग जिल्लाको तुलसीपुरमा, २०७६ भाद्र ८ गते दाङ्ग जिल्लाको भालुवाङ्गमा र २०७७ फागुन २५ मा बुटवलमा प्रतिलिपि अधिकार एवं संगीत रोयल्टी व्यवस्थापन विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो साथै मिति २०७७ फागुन १० गते उद्योग वाणिज्य महासंघको आयोजनामा सम्पन्न भएको प्रतिलिपि अधिकार कानुनी व्यवस्था र चुनौती विषयक अन्तरक्रिया कार्यक्रममा सहभागिता जनाएका थियौं ।

९.प्रदेश ऐनमा रोयल्टी समावेश : प्रदेश नं. १ को प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा ३१ (५) मा "सार्वजनिक सवारी साधन नवीकरण गर्दा बौद्धिक सम्पतिको प्रयोग र संगीत रोयल्टी सम्वन्धमा तोकिए वमोजिम हुनेछ ।" भनी संगीत रोयल्टीको विषयलाई प्रदेश ऐनमा समावेश गरिएको जानकारी गराउँदछु ।

Scanned with CamScanner

*समस्या तथा चुनौतीहरु :*

नेपालमा प्रतिलिपि अधिकार र रोयल्टी संकलन तथा वितरणमा प्रर्याप्त जनचेतनाको अभाव र यस विषयको चेतना भएकाहरुमा समेत संगीत रोयल्टी तिर्ने स्वतस्फुर्त भावना नभएको हुदा हालको अवस्थामा सम्वन्धित गीत संगीतका प्रयोगकर्ताहरुवाट रोयल्टी संकलन गरी वितरण गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो । त्यसमाथि संकलित रकमलाई वितरण गर्न अत्यावश्यक डाटा नहुनु तथा डाटा खुलेका प्रयाप्त क्षेत्रवाट रोयल्टी संकलन हुन नसक्नुले हाम्रा समस्या झनै आकासीएका छन् ।

रोयल्टी संकलनको दायरा सिमित हुनु, नयाँ क्षेत्रबाट रोयल्टी संकलन हुन नसक्नु र अफिस व्यवस्थापनको लागि आर्थिक सहयोग उपलब्ध गराईरहेको नर्वेजीयन संस्था नर्कोड (NORCODE) ले आर्थिक सहयोग बन्द गरेको अवस्थामा कार्यालय व्यवस्थापनको लागि आर्थिक अभाव ठूलो चुनौतीको रुपमा देखा परेको छ । तसर्थ रोयल्टी संकलनको कार्यलाई तिव्रता दिदै संकलनको क्षेत्र र यसको दायरा बढाउदै लान हामीले प्रयासहरु जारी राखेका छौं । साथै अब आउने कार्यसमितिले पनि दत्त चित्त भएर लाग्ने कुरामा विश्वास राखेको छु ।

*भावी कार्यक्रम :*

१) देश नयाँ संरचनामा गएदेखि रोयल्टी संकलनका क्षेत्रहरु पनि केन्द्र, प्रदेश, स्थानीय तह अनुसार विभिन्न तहको स्वामित्वमा पुगेका छन् । त्यसैले हिजो गरिएका धेरै पहलहरु फेरी शुन्यवाट सुरुगर्नु पर्ने अवस्था सिर्जना भएको छ । केन्द्र, प्रदेश र स्थानीय तह अन्तरगत ऐन नियम र निर्देशिकाहरु आवश्यक संशोधनलाई पूर्ण नगरेसम्म रोयल्टी संकलन व्यवस्थापन निचोडमा नपुग्ने दैखिन्छ । त्यसैले भविष्यमा समेत यसलाई अभियानकै रुपमा अघि बढाउनु अत्यावश्यक देखिन्छ ।

२) डाटा नखुलेका क्षेत्रवाट संकलन भएको रोयल्टीका विषयमा सरोकारवाला संघ संस्थाका प्रतिनिधि र आवश्यक विज्ञहरुसँग समन्वय गरी समय अनुकूल उचित मापदण्ड तयार गरी ३ देखि ६ महिनाभित्र प्रथम चरणको रोयल्टी वितरण गर्ने सम्मानित साधारण सभा समक्ष प्रतिवद्धता गर्दछु ।

३) डिजिटल रुपमा गीत संगीतको प्रयोग गरी रहेका विभिन्न एपहरुसँग आवश्यक समन्वय गरी डिजिटल रोयल्टी संकलनको लागि पहल गरिने छ । सो कार्यका लागि MRCSN ले हरेक गीतको अलग अलग कोड लिनुपर्ने बाध्यकारी अवस्था रहेकोले आफ्ना गीतहरु संस्थामा दर्ता गराई दिनु हुन सम्पूर्ण सदस्य ज्यूहरुमा अनुरोध गर्दछु ।

४) यस संस्थाका सदस्यज्यूहरुको सामूहिक तथा संस्थागत हितको निमित्त आदरणीय सदस्यज्यूहरुले दिनु हुने रचनात्मक सुझावलाई कार्यन्वयन गर्न सदैव तत्पर रहने छु ।

MRCSN
EST 2001
SOCIETY NEPAL

Scanned with CamScanner

*अन्त्यमा :*

संगीत रोयल्टी संकलन समाज नेपालको उन्नति, प्रगतिको लागि समस्त श्रष्टा, प्रयोगकर्ता, शुभेच्छुकले देखाउनु भएको सदभाव एवम् उत्साहको लागि समाज हार्दिक आभार व्यक्त गर्दछ । साथै हाम्रा अभियानमा सक्रिय साथ दिनु हुने संस्थाका पूर्व अध्यक्षज्यूहरु, गीतकार संघ नेपाल, संगीतकार संघ नेपाल, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान केन्द्रिय कार्यालय तथा उपत्यका समन्वय समिति र विभिन्न जिल्ला समितिहरु, प्रस्तोता समाज नेपाल, संगीत उत्पादक समाज नेपाल, नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज, नेपाल संगीत उद्योग संघ, म्यूजिक प्रोड्युसर एसोसिएशन अफ नेपाल, नेपाल सांगीतिक संघ, राष्ट्रिय कला संगीतकर्मी संघ लगायत सम्पूर्ण संघ संस्थाप्रति आभारी छु । विभिन्न ऐन, नियम, निर्देशिका, संशोधनको क्रममा तथा अन्य रोयल्टी सम्बन्धी गतिविधिमा सहयोग पुऱ्याउनु हुने माननीय मुख्यमन्त्रिज्यूहरु, मा.मन्त्रीज्यूहरु, मा.सभासदज्यूहरु, मुख्यसचिव तथा प्रमुख सचिवज्यूहरु, सचिवज्यूहरु, संगीत रोयल्टी निर्देशन तथा अनुगमन समितिका संयोजक र सदस्यज्यूहरु, नेपाल सरकारका विभिन्न तह र तप्काका कर्मचारीज्यूहरु, श्रीमान् रजिष्ट्रार ज्यू, सबै संचार माध्यम लगायत हामीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने महानुभावहरुमा सदैव आभारी छु । साथै आगामी दिनहरुमा समाजले थालेको कार्यलाई हातेमालो गर्दै सफलता प्राप्त गर्न भविष्यमा समेत सबैको सहयोग जारी रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

**धन्यवाद**

चन्द्र प्रसाद शर्मा
काठमाण्डौ
महासचिव
२०७८/०४/२३

MRCSN
EST.2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

Scanned with CamScanner